फेदीखोला गाउँपालिका

स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❐खण्ड ५ ❐संख्या २ ❐२०७८/०५/१८

गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७८/०५/११
प्रमाणिकरण : २०७८/०५/१५

भाग २

फेदीखोला गाउँपालिकाका पुराना भवनहरुको व्यवस्थापन तथा अभिलेखीकरण सम्बन्धी निर्देशिका, २०७८

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

पृष्ठभुमि : फेदीखोला गाउँपालिका भित्र निर्माण भएका भवनहरुको नक्शा पास एवं अभिलेखिकरणलाई व्यवस्थित गर्ने उद्देश्यका साथ फेदीखोला गाँउपालिका क्षेत्र भित्र यस अघि भवन संहिता, २०७२ लागू हुनु पूर्व निर्मित भवनहरु र भवन संहिता २०७२ लागू भए पश्चात तत्कालिन प्रचलित कानून बमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी वा मापदण्ड विपरित बनाएका भवनहरुको अभिलेखिकरण गरी फेदीखोला गाउपालिकाको व्यवस्थित बस्ती विकास तथा शहरीकरणको अवधारणालाई मुर्त रुप दिन एक पटकका लागी अभिलेखिकरण गर्ने कार्यलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७८ भाद्र ११ गतेको बैठकबाट निर्णय गरी लागू गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम "फेदीखोला गाउँपालिकाका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८" रहेको छ।

ख) यो निर्देशिका तुरुन्तै प्रारम्भ हुनेछ।

२) परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा,

क) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले फेदीखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "अध्यक्ष" भन्नाले सभाको अध्यक्षलाई सम्झनु पर्छ।

घ) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्छ।

ङ) "भवन संहिता" भन्नाले बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ तथा निर्माण सम्बन्धी अन्य प्रचलित कानूनलाई सम्झनु पर्छ।

च) "वडा कार्यालय" भन्नाले फेदीखोला गाउँपालिकाका वडा कार्यालयहरु सम्झनु पर्छ।

छ) "प्राविधिक" भन्नाले फेदीखोला गाउँपालिका वा वडा कार्यालयबाट जग्गा वा भवन नापजाँच गर्नको लागि खटाएको प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ।

ज) "घरधनी" भन्नाले बनाएको घरको स्वामित्व भएको व्यक्तिलाई सम्झनु पर्छ।

झ) "सधियार" भन्नाले घर रहेको जग्गा सँग सिमाना जोडिएका सबै जग्गा धनीहरुलाई सम्झनु पर्छ।

ञ) यस पछि "भवन संहिता २०७२" लेखिएमा यसै निर्देशिकाको दफा २ को "ङ" लाई सम्झनु पर्नेछ।

३) भवन अभिलेखिकरण सम्बन्धी व्यवस्था :

क) भवन संहिता २०७२ लागू हुनु पूर्व निर्माण भईसकेका घरहरु जस्ताको त्यस्तै जुन अवस्थामा छ, सोहि अनुसारको नक्सा तथा फोटो माग गरी घर नक्सा प्रमाणित गरी भवन अभिलेखिकरणको प्रमाणपत्र उपलब्ध गराउने।

ख) भवन संहिता २०७२ लागू भईसकेपछि भवन निर्माण अनुमति नलिई निर्माण भएका वा भवन संहिता २०७२ र सडक मापदण्ड तथा अन्य प्रचलित कानून मापदण्ड पूर्ण रुपमा पालना भएका वा मापदण्ड पालना नभएका भवनहरुलाई जस्ताको त्यस्तै जुन अवस्थामा छ सोहि अनुसारको नक्सा तथा फोटो माग गरी घर नक्सा प्रमाणित गरी भवन अभिलेखिकरण को प्रमाणपत्र उपलब्ध गराउने।

ग) भवन संहिता २०७२ बमोजिम प्रक्रियामा आई सके पश्चात नियम बमोजिम पुरा गरी आएका वा नक्सा स्वीकृती लिई आफू खुशी तल्ला थप वा फरक प्रकृतिको भवन निर्माण गरेमा यस पूर्व स्वीकृत दिएका कागजात गाउँपालिकाको अध्यक्षबाट रद्ध गरी अभिलेखिकरण गर्ने।

घ) यो निर्देशिका लागू हुनु भन्दा अगाडी बनेका घरहरुलाई जुन अवस्थामा छन् सोहि अवस्थामा एक पटकका लागी अभिलेखिकरण गर्ने।

४) भवन अभिलेखिकरण राजश्व सम्बन्धमा :

क) भवन संहिता २०७२ लागू हुनु पूर्व बनेका आर.सी.सी. भवनहरुको हकमा अभिलेखिकरण दस्तुर घर नक्सा पास दस्तुर बराबर लिई अभिलेखिकरण गर्ने ।

ख) भवन संहिता २०७२ लागू भईसकेपछि घर नक्सा पास नगरी तर गाउँपालिकाको भवन मापदण्ड अनुसार बनेका आर.सी.सी. घरहरुको हकमा नक्सा पास दस्तुर र सो दस्तुरमा रु ५०० थप दस्तुर लिई अभिलेखिकरण गर्ने ।

ग) भवन संहिता २०७२ लागू भईसकेपछि मापदण्ड पालना नगरी बनेका आर.सी.सी. भवनहरुको हकमा नक्सापास दस्तुर र सो दस्तुरमा रु १००० थप दस्तुर लिई अभिलेखिकरण गर्ने।

घ) भवन संहिता २०७२ बमोजिम प्रक्रियामा आई नियम बमोजिम प्रक्रिया पुरा नगरी आफू खुशी तल्ला थप वा फरक प्रकृतिको भवन निर्माण गरेमा अभिलेखिकरण गर्न नक्सापास दस्तुर र सो दस्तुरको रु १२०० थप दस्तुर लिने।

ङ) यो निर्देशिका लागू हुनु अघि निवेदन दर्ता भई अभिलेखिकरणको लागी राजश्व बुझाईसकेका भवनहरुको हकमा थप दस्तुर नलिई घर नक्सा अभिलेखिकरण गरिनेछ।

परिच्छेद—२

५) भवन अभिलेखिकरण सम्बन्धी प्रक्रिया :

भवन अभिलेखिकरणका लागि निम्न अनुसार प्रक्रिया अवलम्वन गरिनेछ।

क) गाउँ कार्यपालिकाको कार्यालयबाट पुराना भवनहरुको अभिलेखिकरण गर्न सार्वजनिक सञ्चार माध्यममा ३५ दिने विज्ञापन प्रकाशन गरिनेछ भने वडा तहमा थप प्रचार प्रसार तथा प्रशारण गरिनेछ।

ख) सम्बन्धित व्यक्तिले अनुसूची—१ अनुसारको ढाचाँमा निवेदन पेश गर्नुपर्नेछ।

ग) सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालय तथा घर नक्शा उपशाखाबाट घरनक्सा अभिलेखिकरण किताब रु ५००/- राजश्व लिई उपलब्ध गराइनेछ।

घ) निवेदन दर्ता भई सकेपछि वडा कार्यालयबाट अनुसूची—२ अनुसारको ढाचाँमा सर्जमिन मुचुल्का गर्नुपर्नेछ।

ङ) स्थलगत मुचुल्का भई आएपछि अनुसूची—३ बमोजिम वडा कार्यालयले सिफारिस गरी गाउँपालिकामा पठाउनुपर्नेछ।

च) गाउँपालिकाबाट प्राविधिक कर्मचारी (अमिन) खटाउने र प्राविधिक कर्मचारीले स्थलगत रुपमा बुझी प्रतिवेदन पेश गर्ने कार्य गरिनेछ।

छ) सम्बन्धित वडा कार्यालय तथा प्राविधिक प्रतिवेदन का आधार गाउँ कार्यपालिकाको कार्यालयबाट अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराइनेछ।

ज) वडा कार्यालयमा निवेदन दर्ता गरी वडा कर्यालयको सिफारिस भई गाउँपालिकामा दर्ता भएको मिति देखि २०७९ असार मसान्त सम्म घरनक्सा अभिलेखिकरण राजश्व शुल्क बुझाई प्रमाणपत्र लिई सक्नुपर्नेछ।

परिच्छेद—३

विविध

६) यस निर्देशिका बमोजिम अभिलेखिकरण प्रमाणपत्र प्रदान गरिएका सबै भवनहरुको सम्बन्धमा गाउँपालिकाले यसपछि जारी गर्ने जुनसुकै निर्णय तथा शर्तहरु अनिवार्य रुपमा घर धनीले पालना गर्नुपर्नेछ।

७) पुराना भवन संरचनाको नक्सा निर्माण बापत तपशिल बमोजिमको सेवा शुल्क परामर्श दाताहरुले नबढाई लिनु पर्नेछ। तोकिएको शुल्क भन्दा बढी लिएको पाईएमा त्यस्ता परामर्श दाताहरुलाई कालो सूचीमा राखिनेछ।

अ) भुइँ तल्लाको ८०० वर्गफिट सम्मका भवन संरचनाको रु ५०००/- (पाँच हजार सम्म)।

आ) भुइँ तल्लाको ८०० देखि १००० वर्गफिट सम्मका भवन संरचनाको रु ७०००/- (सात हजार सम्म)।

इ) भुइँ तल्लाको १००० वर्गफिट देखि २००० वर्गफिट सम्मका भवन संरचनाको रु ९०००/- (नौ हजार सम्म)।

ई) २०००वर्ग फिट देखि माथिका भवन संरचनाको रु १२०००/- (बाह्र हजार सम्म)।

उ) प्रत्येक तल्लाको हकमा पहिलो तल्लाको लागी माथि उल्लेखित भुइँ तल्लाको रकमको ४० प्रतिशतले हुन आउने रकम थप लिन सक्ने। साथै दोस्रो तल्लामा माथि उल्लेखित भुइँ तल्लाको रकमको ५० प्रतिशतले हुन आउने रकम लिन सक्ने।

८) सामान्य र कच्चि घरहरुको नक्शा निर्माण गर्नु अनिवार्य हुने छैन त्यस्ता घरहरुको विवरण खुलाई अभिलेखिकरणको प्रमाणपत्र उपलब्ध गराईनेछ। अभिलेखिकरणका लागी सामान्य घर को २०००/- (दुई हजार रुपैयाँ) र कच्चि घरको लागी रु १०००/- (एक हजार रुपैया) अभिलेखिकरण शुल्क तिर्नुपर्नेछ।

९) घर नक्सा अभिलेखिकरण अवधिमा भवन तथा बस्ती विकास उपशाखाबाट खट्टिई जाने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुपको निम्न बमोजिमको रकम गाउँपालिकाको आन्तरिक कोषबाट उपलब्ध गराईनेछ।

क) अधिकृत स्तरको कर्मचारीको हकमा प्रति घर कच्चीको हकमा रु १०० र पक्कीको हकमा प्रति वर्ग फिट रु ०।२० कायम गरिएको छ।

ख) सहायक स्तरका कर्मचारीको हकमा प्रति घर कच्चीको हकमा रु ८० र पक्कीको हकमा प्रति वर्ग फिट रु ०।१० कायम गरिएको छ।

अभिलेखिकरणमा खटिने कर्मचारी भन्नाले सम्बन्धित असिष्टेन्ट सब इन्जिनियर, सब इन्जिनियर, इन्जिनियर, अमीन र वडा सचिवलाई बुझ्नुपर्छ।

१०) भवनको वर्गिकरण :

पक्की भवन : आर.सी.सी. पिल्लर, बिम र ढलान गरिएको छाना भएको।

साधारण घर : ईट्टा वा ढुङगामा माटो वा सिमेन्टको जोडाइ भएको टिन वा पक्कि छाना भएको भवन।

सामान्य घर : काँचो ईट्टा वा ढुङगा र माटोको जोडाइमा टिन वा खरको छाना भएको घर।

कच्चि घर : माटो वा फुसको भित्ता भएको, माटो वा टिनको छाना भएको वा काठको खाँवा गाडि बनाएको घर ।

११) यो निर्देशिका लागू भैसकेपछि गाउँपालिकाबाट अभिलेखिकरण प्रमाणपत्र नलिएका कुनै पनि घर भवनलाई प्राकृतिक प्रकोपबाट भएको क्षतिको लागी राहत रकम उपलब्ध गराइने छैन ।

१२) घर नक्सा अभिलेखीकरण प्रमाणपत्र को नमुना अनुसूची—४ बमोजिम हुनेछ ।

परिच्छेद —४

बाधा अड्काउ फुकाउ

१३) कार्यालयमा दिईएको निवेदन अनुसार कार्यालय बाट खट्टीई गएको डोरलाई कुनै शंका भएमा सधियारको जग्गा विवाद नटुङ्गीने समय सम्म अभिलेखिकरण प्रक्रिया अघि बढ्ने छैन। तर समस्या सामाधान भएपछि नक्सापास वा अभिलेखिकरण गर्नु पर्नेछ।

१४) यो निर्देशिका कार्यान्वयन गर्दा कुनै कुराको द्विविधा वा अस्पष्टता भई विशेष परिस्थिती उत्पन्न भएमा गाउँ कार्यपालिकाको कार्यालयको घर नक्शा उपशाखाको राय तथा सिफारिस बमोजिम गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची—१

निर्देशिकाको दफा ५ (ख) सँग सम्बन्धित निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यु,

मितिः २०७..।.....।...

.....नं. वडा कार्यालय,

.....स्याङ्जा ।

विषय : घर नक्सा अभिलेखिकरणका लागी सिफारिस पाउँ ।

महोदय,

कार्यालयमा निवेदन गर्नाको कारण मेरो नाममा दर्ता भएको स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा न. : ..... कि.नं. ..... क्षे.फ..... जग्गामा मैले ..... सालमा ..... कोठाको ..... क्षेत्रफलको ..... तले घर निर्माण गरेको, पूर्वमा ..... को पश्चिममा ..... को उत्तरमा ..... दक्षिणमा ..... को जग्गाको साँध सिमानालाई समेत असर नपुर्याई निर्माण गरेको र सो घरको नक्सापास नगरेकोले फेदीखोला गाउँपालिकाले निर्माण गरेको मापदण्ड राम्रोसँग बुझि सहमत भै लाग्ने दस्तुर दिन समेत तयार भै घर नक्सा अभिलेखिकरणका लागी सिफारिस गरिदिनुहुन यो निवेदन सादर पेश गरेको छु । मैले माथि उल्लेख गरेका विवरण झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दायाँ

बायाँ

निवेदक नाम :

ठेगाना :

टोल :

सम्पर्क नम्बर :

- वडा कार्यालयले निवेदन साथ निम्न कागजात प्रमाणपत्र माग गर्ने।
  - क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी—१ थान
  - ख) जग्गा धनि प्रमाणपुर्जा प्रतिलिपी—१ थान
  - ग) चालु आ.ब.को कर वा तिरो तिरेको रसिदको प्रतिलिपी—१ थान
  - घ) घरको नक्सा—१ थान
  - ङ) वडामा बुझाउनुपर्ने अन्य करहरु बुझाएको प्रमाणपत्र —१ थान
  - च) जग्गाको नक्सा —१ थान
- उपयुक्त कागजात सम्बन्धित ब्यक्तिले चिल्लो फाइलमा राखि बुझाउनु पर्नेछ।
- वडामा निवेदन दर्ता गरी दर्ता नं फाइलमा समेत राख्नुपर्ने छ।
- वडाबाट सो घरको लागि तपशिल बमोजिमको प्रक्रिया अघि बढाउनु पर्नेछ।

अनुसूची —२

निर्देशिकाको दफा ५ (घ) सँग सम्बन्धित सरजमिनको ढाँचा

फेदीखोला गाउँपालिका साविक ..... गा.वि.स. वडा नं. .....हालको वडा नं. ..... कि.नं ..... क्षेत्रफल.....मा श्री..... ले यस कार्यालयमा दिएको निवेदनमा माथि स्थलगत चेकजाँच (मुचुल्का) गर्दा श्री ..... ले ..... सालमा भवन निर्माण गरेको ठिक साँचो हो । यो घरको नक्सापास गरिदिएमा हामीलाई कुनै किसिमको दावी विरोध छैन । पछि होइन छैन भनि कहिँ कतै उजुरी समेत गर्ने छैनौं। साथै वडा कार्यालयबाट खटी गएको डोरले सोधनी गर्दा हाम्रो चित्त बुझ्यो । निजले सडक अधिकार क्षेत्र .....मिटर समेत छाडी घर निर्माण गरेको देखिन्छ/पाइएको छ ।

साक्षीहरु :

१) श्री.....

२) श्री.....

३) श्री.....

४) श्री.....

रोहवरमा श्री..... टोल विकास समितिको अध्यक्ष

वडा अध्यक्ष श्री .....

.....नं. वडा समितिको कार्यालयबाट काम तामेली गर्ने कर्मचारी श्री ..... इति सम्वत् .....

अनुसूची —३

निर्देशिकाको दफा ५ (ङ) सँग सम्बधित सिफारिसपत्रको ढाँचा

मिति :

प.सं .

च.नं.

श्री गाउँ कार्यपालिकाको कार्यालय,
फेदीखोला गाउँपालिका, फेदीखोला, स्याङ्जा ।

विषय : घरनक्सा अभिलेखिकरणको लागी सिफारिस गरी पठाइएको बारे ।

प्रस्तुत विषयमा फेदीखोला गाउँपालिका साविक वडा नं ..... हालको वडा नं ..... कि.नं. ..... क्षे.फ. ..... जग्गामा घर निर्माण गरेका जग्गा धनि श्री ..... ले यस कार्यालयमा घर अभिलेखिकरणका लागि सिफारिस गरिपाउँ भनी दिएको निवेदन माथि जाँचबुझ गर्दा निजले सबै कागजात संलग्न राखी निवेदन दिएको र घरको अभिलेखिकरण गर्न तोकिएको मापदण्डहरु सबै पूरा भएको देखिएकोले घरनक्सा अभिलेखिकरण गरी दिनुहुन सिफारिस साथ अनुरोध छ ।

श्री.....
वडा अध्यक्ष
..... नं. वडा कार्यालय

- फेदीखोला गाउँपालिका कार्यालयमा सिफारिस पत्र साथ तपशिल बमोजिमका कागजात सहित आवेदन दर्ता गर्नुपर्नेछ ।
  - क) सिफारिस पत्र —१ थान
  - ख) नक्साको प्रतिलिपी —१ थान

ग) नेपाली नागरिकताको प्रमाणपत्र को प्रतिलिपी —१ थान

घ) एकीकृत सम्पतिकर तिरेको रसिदको प्रतिलिपी —१ थान

ङ) पासपोर्ट साइजको फोटो — २ थान

च) प्लाष्टिक कोटेड फाइल —१ थान

छ) अभिलेखिकरण फारम —१ थान सम्बन्धित व्यक्तिले भरी ल्याउनु पर्नेछ र निवेदन गर्ने आ.व. को राजश्व तिरेको प्रमाण ल्याउनुपर्नेछ ।

माथि उल्लेखित कागजपत्र पेश भएमा फेदीखोला गाउँपालिकाको भवन घर तथा नक्सापास उपशाखाले दर्ता गरी काम अघि बढाउनुपर्नेछ ।

अनुसूची—४

निर्देशिकाको दफा १२ सँग सम्बन्धित घरनक्सा अभिलेखिकरणको प्रमाणपत्रको ढाँचा

(गाउँ कार्यपालिकाको कार्यालयको लेटरहेड)

मिति : २०७...।.....।....

प.सं. प्र.प.नं.

च.नं.

भवन निर्माण सम्पन्न अभिलेखिकरणको प्रमाणपत्र

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्याङ्जा जिल्ला फेदीखोला गा.पा. वडा नं. ..... स्थायी ठेगाना भई हाल ..... न.पा./गा.पा. वडा नं. ..... बस्ने श्री ..... ले साविक ..... गा.वि.स. वडा नं ..... कि नं. ..... को क्षेत्रफल ..... मा फेदीखोला गाउँपालिकाका पुराना भवनहरुको व्यवस्थापन तथा अभिलेखिकरण सम्बन्धी निर्देशिका, २०७८ लागू हुनु भन्दा अगाडी घर, टहरा, पर्खाल निर्माण सम्पन्न भै सकेको भनि पेश गर्नु भएको निवेदन उपर कारवाही हुँदा च.नं. ..... मिति : ..... को वडा कार्यालयको सिफारिसपत्रको आधारमा मिति ..... मा गा.पा.को प्राविधिकबाट स्थलगत निरिक्षण गर्दा निर्माण कार्य सम्पन्न भएको भन्ने प्रतिवेदन पेश हुन आएकोले निजलाई निजले निर्माण गरेको निम्न विवरण भएको घरनक्सा अभिलेखिकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

निम्न :

१. जग्गाको विवरण :

फेदीखोला गा.पा. वडा नं. ..... साविक .....गा.वि.स. वडा नं. .....

कि.नं. ..... क्षेत्रफल ..... मा निर्माण भएको घरको नाप ।

क) लम्बाई :..... ख) चौडाई :..... ग) उचाई :.....

२. चार किल्लाको विवरण :

क) पूर्व :..... ख) पश्चिम :.....

ग) उत्तर :..... घ) दक्षिण :.....

३. घरधनीको नाम, थर वतन :.....

४. घरधनीको बाबु/पतिको नाम, थर वतन:.....

५. निर्माणको किसिम: क) गारोको जोडाई :.....ख) छाना :.....

६. क) नक्शा पास गरी बनाएको भए : अ) नक्शापास प्रमाणपत्र नं .....

आ) मिति २०.. ..... । ..... । .....

ख) नक्शा पास नगरी बनाएको भए नियमित गरिएको मिति :.....

७. भवनको प्रयोजन (आवासीय/व्यापारिक/सार्वजनिक/सरकारी/अन्य खुलाउने):

.....

८. पास नक्सा अनुसार आउने वा हाल अभिलेखीकरणबाट कायम हुने घरको विवरण :

क्र. सं.	तला	संरचनाको किसिम (कच्ची, पक्की वा अन्य)	सांविक निर्माण भईसकेको क्षेत्रफल वर्गफिट /वर्गमिटर	जम्मा क्षेत्रफल वर्गफिट/वर्ग मिटर	घर टहरा निर्माण सम्पन्न मिति
१	बेसमेन्ट (भुमिगत तला)				
२	भुइ तला				
३	पहिलो तला				
४	दोश्रो तला				
५	तेश्रो तला				
६	चौंथो तला				
७	पाँचौं तला				

(संरचनाको किसिम उल्लेख गर्दा ढुंगा माटोको गारो वा ईटाको गारो साथै जस्ताको छानो वा खर वा फुसको छानो भएको वा पिलर उठाइ टाइ बीम, बीम तथा ढलान गरी बनाइएको के हो उल्लेख गर्ने)

९. उचाई (फिट /मिटर) :.....

१०. घर बनाउने प्लट सँग जोडिएको प्रस्तावित बाटो वा अन्य बाटोको लागी केन्द्रेरेखाबाट
क) छोड्नुपर्ने दुरी :.....
ख)छोडेको दुरी:.....

११.छोड्नु पर्ने सेटब्याक (मिटर):..... छोडेको सेटब्याक (मिटर) :.....

१२.बिजुलीको तार नजिक भएमा छोड्नुपर्ने दुरी (मिटर):.....छोडेको दुरी :.....

१३.नदी किनार भए त्यसको लागी छोड्नुपर्ने दुरी (मिटर) :..... छोडेको दुरी (मिटर):..... नदीको नाम :.....

१४.पानीको निकास सम्बन्धी (ढल वा सेप्टीक ट्यांकी) : .....

१५.कुलो वा नहरको RoW को किनारबाट छोड्नुपर्ने दुरी (मिटर):..... छोडेको दुरी (मिटर):.....

१६.अन्य कुनै विवरण :.....

_____	_____	_____	_____
अमिन	सव-इन्जिनियर	इन्जिनियर	प्रमुख प्रशासकीय अधिकृत

- हालको मापडण्ड अनुसार सडक क्षेत्राधिकार र सेट ब्याकमा पर्ने घरको क्षेत्र मापदण्ड अनुसार भत्काउन मन्जुर छु भनि सहि गर्ने घरधनीको दस्तखत ।

.....

(फेदीखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फेदीखोला, गण्डकी प्रदेश, नेपाल को यो घरनक्सा अभिलेखिकरण प्रमाण पत्र निर्देशिका लागू हुनु भन्दा अगाडी निर्माण भईसकेका संरचनाको हकमा मात्र लागू हुनेछ ।)

आज्ञाले
चिरन्जिबी बराल
प्रमुख प्रशासकीय अधिकृत